# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(कृषि तथा पशुपन्छी विकास लेखापरीक्षण निर्देशनालय)
डोरमुकाम, रुकुम (पूर्व)
अछावे


पत्र संख्या: २०७७/०७८ मिति: २०७८।०६।२१
च.नं....९२

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सिस्ने गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रुकुमकोट, रुकुम (पूर्व) ।

विषय:- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७/०७८ विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्वन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/०६/२० मा छलफल पश्चात् तयार गरिएको पाना २९ (उनन्तीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

.......... ०७८।६।२१
(विष्णु प्रसाद खनाल)
(निर्देशक)

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।:- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
रुकुमकोट, रुकुम (पूर्व):- प्रतिवेदन संलग्न छ ।

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| कार्यालय र स्थानः श्री सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, एकुमकोट रुकुम (पूर्व) । | | | | आर्थिक वर्षः- २०७७/०७८ |
|---|---|---|---|---|
| कर्मचारीको नाम र पद | | कार्यरत अवधि | | बेरुजु रकम (रु.) |
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्र.प्र.अ. श्री चिन्तामणी दाहाल | २०७७ श्रावण | २०७८ आषाढ मशान्त | १,३६,२८,७२३.५० |
| लेखा प्रमुख | ले.अ. श्री नारायण त्रिपाठी | २०७७ श्रावण | २०७७ फागुन सम्म | |
| | ले.पा. श्री ठकेन्द्र खत्री | २०७७ चैत्र | २०७८ आषाढ मशान्त | |

**आर्थिक कारोवारको स्थिती:-** कार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत प्राप्ती र भुक्तानी हिसावको आर्थिक वर्ष २०७७।०७८ को स्थानिय सञ्चितकोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | गत वर्षको जिम्मेवारी | | ६८५८६१९२.३६ | १ | चालु खर्च | २९१६३३२९२.६ | २९१६३३२९२.६ |
| | क) धरौटी मौज्दात | १४२५८२७८.०० | | २ | पूँजीगत खर्च | १९५०९६५१८.०० | १९५०९६५१८.०० |
| | ख) बैंक मौज्दात | ५४३२७९१४.३६ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| १ | ग)आकस्मिक कोष तर्फको आय | ८३८२८१.६६ | ८३८२८१.६६ | | | | |
| | राजस्व (आन्तरिकआय) | | ७३६३९६०५.०६ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ८७२५६१७.६७ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६४५५१३६५.७५ | | | ग) अन्य भुक्तानी | | |
| २ | ग) अन्य आय | ३६२६२१.६४ | | ४ | लगानी | | |
| | वित्तीय हस्तान्तरण संघ | | ३८७५५७०००.०० | | ऋणलगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | १०८८०००००.०० | | | शेयरलगानी | | |
| | ख) सशर्त अनुदान | २६३३५७०००.०० | | ५ | अन्य विविध खर्च | ३७३९४३७.५ | ३७३९४३७.५ |
| | ग) समपूरक अनुदान | १०४०००००.०० | | ६ | धरौटीफिर्ता | ९९४७४२५.०० | ९९४७४२५.०० |
| ३ | घ) विशेष अनुदान | ५००००००.०० | | ७ | विविध कोष खर्च | ५४३६२३.०० | ५४३६२३.०० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३९४१७०००.०० | ८ | आकस्मिक कोष फिर्ता | १२६०००.०० | १२६०००.०० |
| | क) वित्तीय समानीकरण अनुदान | ५०९२०००.०० | | ९ | मौज्दात | | |
| | ख) सशर्त अनुदान | १४८५००००.०० | | | क) बैंक मौज्दात | ४०६७४४०७.६२ | ४०६७४४०७.६२ |
| | ग) समपुरक अनुदान | १३४७५०००.०० | | | ख) नगद मौज्दात | | |
| ५ | घ) विशेष अनुदान | ६००००००.०० | | | | | |
| ६ | अन्तर स्थानीय तहबाटप्राप्त | | | १० | गतवर्षको बढी अल्या | | |
| ७ | अन्य | | | ११ | जनश्रमदान मौज्दात | | |
| | क)क्षेत्रीय शहरी विकास योजना | | | १२ | धरौटी मौज्दात | १९६८९४४७.०० | १९६८९४४७.०० |
| | ख) सडक बोर्ड नेपाल | | | १३ | आक्समिक कोषखाताको मौज्दात | ७१२२८१.६६ | ७१२२८१.६६ |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | शसर्त अनुदान फिर्ता | २७५३७३०१.२ | २७५३७३०१.२ |
| | घ) एन.एन.एस.डब्लु.ए | | | १५ | विविध कोष मौज्दात | २१७७७.०० | २१७७७.०० |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | १५३७८५९४.०० | १५३७८५९४.०० | | | | |
| ११ | विविध कोष खाता | ५६५४००.०० | ५६५४००.०० | | | | |
| १२ | अन्यविविध खर्च आय | ३७३९४३७.५ | ३७३९४३७.५० | | | | |
| | जम्मा | ५८९७२१५१०.६ | ५८९७२१५०.६० | | जम्मा | ५८९७२१५१०.६० | ५८९७२१५१०.६० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फर्स्यौटको विवरण |
|---|---|---|---|
| २. | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २० ऐन, ७ नियमावली, २६ कार्यविधि ५ निर्देशिका र ४ नर्म्स समेत ६२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम | फर्छ्यौट विवरण |
|---|---|---|---|

लागू गरेको पाईएन ।

- पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको बिस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- भ्रमण प्रतिवेदन राख्ने नगरको ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | कार्यालयको विवरण |
|---|---|---|---|
| | विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ३. | स्थानीय तहबाट संचालन गरिने कार्यक्रम तथा स्थानीय तहले विभिन्न कार्य सम्पादनको लागि गरिने प्रशासनिक कार्यहरु सम्पादन गर्ने सन्दर्भमा देहाय अनुसार गरिनु पर्ने देखिएको छ :- | | |
| ३.१. | स्थानीय तहबाट संचालन हुने आयोजनाहरुमा उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ताहरुको भेला गराई समिति गठन हुने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएको योजना मर्मत संभार तथा रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने योजनाहरुमा संचालन, मर्मतसम्भार तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख गरि उपभोक्ता समितिहरुलाई अविच्छिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था गर्ने तर्फ गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ। | | |
| ३.२. | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११,१२ र १३ (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | | |
| ३.३. | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्ने। | | |
| ३.४. | गाउँपालिकाले विभिन्न कामको प्रयोजनको लागि सवारी भाडामा लिएको देखियो। स्वीकृत दररेटको आधारमा निश्चित समयका लागि मात्र भाडामा लिनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | | |
| ३.५. | राजश्व व्यवस्थापनको लागि तयार गरिएका स्वीकृत म.ले.प. फारामहरुको प्रयोग नगरेको एक आ.व.मा आम्दानी गरिएको रकमको एकिकृत विवरणहरु तयार नगरिएको वडागत तथा पालिकागत राजश्वलाई थप व्यवस्थित गर्नुपर्ने तथा जिन्सी व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ। कार्यालयबाट आ.व.२०७७।०७८ मा गरिएका निर्माण कार्यहरुको Design Drawing तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको Standard Bidding Document को आधारमा Bid Document तयार गर्नुपर्ने साथै निर्माणकार्यको लागत अनुमान तयार गर्दा विमा, ल्याव टेष्ट सम्बन्धी प्रावधानहरु समावेश गरी निर्माण कार्य गराउँनु पर्दछ । | | |
| ३.६. | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११,१२ र १३ (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ३.७. | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला | | |

कार्यालयको नाम- सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पूर्व)

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | [illegible] विवरण |
|---|---|---|---|
| | परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्ने। | | |
| ३.८. | लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रम सम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभुत तथ्यौक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा/ उपकरणहरुसहितको कार्यक्षेत्रगत शर्त (TOR) बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान स्वीकृत गर्नुपर्नेमा बजेटका आधारमा संस्था तथा गाउँपालिकास्तरीय विभिन्न सञ्जालहरु गठन गरी रकम भुक्तानी गर्नुको सट्टा पारदर्शी रुपमा संस्था छनौट गरी यसको न्युनिकरण गरी ऐन नियमको अधिनमा रहेर मात्र कार्यक्रमहरु संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री गोवर्दन बुढाले २०७७।०३।१० गते रु.५२ करोड ६९ लाख ३३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ५. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु. २७ लाख अबण्डामा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ रु.१४५००००.०० बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | | |
| ६. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रोचौमासिक | |
| १. | पुजिंगत | १२२६७८ | ७८४५ | २४२२० | ९०६१३ | ६४४९७ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको विवरण |
|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | संघीय सरकार हस्तान्तरित खर्च | ६१३२४ | ३६११ | ९०३७ | ४८६७६ | ४१६०३ |
| ३. | प्रदेश सरकार हस्तान्तरित खर्च | ११०९४ | ० | ० | ११०९४ | ४५१० |
| ४ | स्थानिय पूर्वाधार विकास साझेदार | १७००५ | ० | ० | १७००५ | १४५३० |
| | कूल खर्चः | २१२१०१ | ११४५६ | ३३२५७ | १६७३८८ | १२५१४० |
| | खर्च प्रतिशत | १००.०० | ५.४० | १५.६८ | ७८.९२ | ५९.०० |

७. क्षेत्रगत बजेट र खर्चः- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक बजेट रु. | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५२०५०००० .०० | ४४०७९५९६.०० | ८४.६९ |
| सामाजिक क्षेत्र | २६३२६४८००.०० | २३२३१३६५२.७० | ८८.२४ |
| पूर्वाधार विकास क्षेत्र | १५४३७००००.०० | १२३६३६१०५.०० | ८०.०९ |
| वातावरण तथा विपद् व्यवस्थापन | ४४०००००.०० | २२०००००.०० | ५५.०० |
| संस्थागत विकास र सेवा प्रवाह | ६६६१०००.०० | २८१८०२०.०० | ५४.७७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९९१९४७००.०० | ८१६८२४३६.९० | ८३.९२ |
| जम्मा | ५७९९४०५००.०० | ४८६७२९८१०.६० | |

उल्लेखित विवरणको आधारमा कार्य संचालन तथा प्रशासनिक खर्चमा ८३.९२ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा ८०.०९ प्रतिशत, सामाजिक क्षेत्रमा ८८.२४ प्रतिशत, आर्थिक विकासमा ८४.६९ प्रतिशत वातावरण तथा विपद व्यवस्थापनमा ५५.००, संस्थागत विकास र सेवा प्रवाहमा ५४.७७ खर्च गरेबाट तुलनात्मक रुपमा सामाजिक क्षेत्र र आर्थिक विकासमा बढी खर्च गरेको देखिन्छ ।

८. खर्च बिश्लेषणः– पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.८७२५६१७.३६. राजस्व बाँडफाँड र अनुदानबाट रु.४९१५२५३६५.७५..समेत रु.५५४५७८९७.७८ आम्दानी भएकोमा चालु तर्फ रु.२९१६३३२९२.६० र पूँजिगत तर्फ रु.१९५०९७५१८.०० समेत रु.४८६७२९८१०.६० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.८२२१९००.०० खर्च भएको छ जुन आन्तरिक आयको ९४.०० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४० प्रतिशत चालु र ५४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

९. योजना र कार्यान्वयनः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुटयाएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|

ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति मार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:-

| क्र.सं. | विवरण | योजना संख्या | रकम रु. |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | ११ | ७६०००००.०० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २२२ | ७३४३५००.०० |
| ३ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ३७ | ३०२५००००.०० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २६ | ८३२०००००.०० |
| ५ | ५० लाख भन्दा माथीका | १ | ७५०००००.०० |
| | जम्मा | २९७ | १३५८९३५०० |

१०. **न्यायीक समिति:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको २१ गरी कुल २३ विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

११. **पदाधिकारी अन्य सुविधा:-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२०४००००.००, सवारी साधन इन्धन तथा मोविल रु.३३६०००.०० टेलिफोन तथा मोवाइल रु.१२०६०००.०० पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१०९२०००.०० जनसम्पर्क विशेष कार्यसुविधा रु.१८९६०००.०० मर्मत सम्भारमा रु.१२००००.०० अतिथि सत्कारमा रु.५६४०००.००खानेपानी विजुली सरसफाईमा रु.१२००००.०० समेत रु.७२९१४००.०० खर्च भुक्तानी गरेको देखियो ।

कार्यालयले उल्लिखित अनुसारको रु.७२९१४००.०० भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अतः उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

१२. **खाना तथा विविध खर्च:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्स्योटको विवरण |
|---|---|---|---|

बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३१८९१०.०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१३. **नाफामूलक संस्थालाई अनुदानः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका २ नाफामूलक संस्थाको कार्यालयको भवन निर्माण र उपकरण खरिद व्यवस्थापन खर्चमा लागि रु.६०००००००.०० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | रेडियो पूर्वि रुकुम | भवन निर्माण र उपकरण खरिद | ५५०००००.०० |
| २ | रेडियो रुक्मिणी | उपकरण खरिद | ५०००००.०० |
| | जम्मा | | ६००००००.०० |

१४. **कर तथा शुल्क असुलीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १. | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १०००००.०० | ० | ०.०० |
| २. | भुमिकर/मालपोत | ४०००००.०० | २६३७४११.७५ | ६.५९ |
| ३. | घरवहाल कर | १००००००.०० | १४०१८७८.८५ | १४०.०० |
| ४. | वहाल विटौरी कर | २५०००.०० | ० | ० |
| ५. | अन्य मनोरञ्जन कर | २५०००.०० | ५०० | ०.०२ |
| ६. | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००००.०० | १०० | ०.०० |
| ७. | अन्य स्रोतबाट प्राप्त रोयल्टी | २२०००००.०० | ० | ० |
| ८. | पर्यटन शुल्क | १०००००.०० | ० | ० |
| ९. | अन्य सेवा शुल्क तथा विक्री | १४०००००.०० | १०५३४८२.७५ | ७५.२५ |
| १०. | अन्य प्रशासनिक सेवा शुल्क | ५००००.०० | ८३१७५३.०० | १६६.४ |
| ११. | नक्सा पास दस्तुर | ० | २७२१२०.७४ | १००.०० |
| १२. | सिफारिस दस्तुर | ५५००००.०० | ४७४९९०.०० | ८६.३६ |
| १३. | अन्य दस्तुर | ७०००००.०० | ४९०८६५.५८ | ७०.१२ |
| १४. | अन्य क्षेत्रको आय | २५०००००.०० | ० | ० |
| १५. | प्रशासनिक दण्ड जरिवाना र जफत | ५००००.०० | ० | ० |
| १६. | व्यवसाय कर | २०००००.०० | ९२०००.०० | ४६.०० |
| १७. | बैक मौज्दात | ५९१२८०८०.०० | ० | ०.०० |
| | जम्मा | ६९४२८०८०.०० | ७२५५१०२.६७ | |

उपरोक्त अनुसार सम्पत्ति, बहाल तथा पट्टा वापतको आय बहाल विटौली कर, कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर लगायतका विभिन्न राजश्व शिर्षकमा

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१३१८९१०.०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | |
| १३. | नाफामूलक संस्थालाई अनुदानः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका २ नाफामूलक संस्थाको कार्यालयको भवन निर्माण र उपकरण खरिद व्यवस्थापन खर्चमा लागि रु.६००००००.०० अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन । | | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | रेडियो पूर्वि रुकुम | भवन निर्माण र उपकरण खरिद | ५५००००००.०० |
| २ | रेडियो रुक्मिणी | उपकरण खरिद | ५०००००.०० |
| | जम्मा | | ६००००००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| १४. | कर तथा शुल्क असुलीः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | | |

| सि.नं | आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १. | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १०००००.०० | ० | ०.०० |
| २. | भुमिकर/मालपोत | ४०००००.०० | २६३७४११.७५ | ६.५९ |
| ३. | घरवहाल कर | १००००००.०० | १४०१८७८.८५ | १४०.०० |
| ४. | वहाल विटौरी कर | २५०००.०० | ० | ० |
| ५. | अन्य मनोरञ्जन कर | २५०००.०० | ५०० | ०.०२ |
| ६. | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | १००००००.०० | १०० | ०.०० |
| ७. | अन्य स्रोतवाट प्राप्त रोयल्टी | २२०००००.०० | ० | ० |
| ८. | पर्यटन शुल्क | १०००००.०० | ० | ० |
| ९. | अन्य सेवा शुल्क तथा विक्री | १४०००००.०० | १०५३४८२.७५ | ७५.२५ |
| १०. | अन्य प्रशासनिक सेवा शुल्क | ५००००.०० | ८३१७५३.०० | १६६.४ |
| ११. | नक्सा पास दस्तुर | ० | २७२१२०.७४ | १००.०० |
| १२. | सिफारिस दस्तुर | ५५००००.०० | ४७४९९०.०० | ८६.३६ |
| १३. | अन्य दस्तुर | ७०००००.०० | ४९०८६५.५८ | ७०.१२ |
| १४. | अन्य क्षेत्रको आय | २५०००००.०० | ० | ० |
| १५. | प्रशासनिक दण्ड जरिवाना र जफत | ५००००.०० | ० | ० |
| १६. | व्यवसाय कर | २०००००.०० | ९२०००.०० | ४६.०० |
| १७. | वैक मौज्दात | ५९१२८०८०.०० | ० | ०.०० |
| | जम्मा | ६९४२८०८०.०० | ७२५५१०२.६७ | |

उपरोक्त अनुसार सम्पत्ति, बहाल तथा पट्टा वापतको आय बहाल विटौली कर, कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर लगायतका विभिन्न राजश्व शिर्षकमा

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको विवरण |
|---|---|---|---|
| | अनुमानको शून्य प्रतिशत असूल गरेको देखिन्छ । बजेट तर्जुमा गर्दा अनुमानित आय र असूलीलाई यथार्थ परक ढङ्गले तर्जुमा गरिनुपर्दछ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | | |
| १५. | रकम ढिला दाखिला गर्नेः- आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | | |
| १६. | उपभोक्ता समिति दर्ताः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २९७ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.१२९०५३५००.०० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | | |
| १७. | हेभी इक्विपमेण्टको प्रयोगः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण |
|---|---|---|---|
| धाउने डम्पिङ साइट उपभोक्ता समिति | सडक निर्माण | १४०००००.०० | जे.सि.वि |
| सुद्रि दतकुना तुवाङ सडक निर्माण | सडक निर्माण | ३००००००.०० | जे.सि.वि |
| कौडा सडक निर्माण उ.स | सडक निर्माण | १००००००.०० | जे.सि.वि |
| वार्दि कालिगैरा सडक निर्माण उ.स. | सडक निर्माण | ५०००००.०० | जे.सि.वि |
| अमला चौर भिङ सडक निर्माण उ.स | सडक निर्माण | ५०००००.०० | जे.सि.वि |
| जम्मा | | | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | कैफियत |
|---|---|---|---|
| १८. | **जटिलसंरचना निर्माणः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:- | | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| न्याय भवन निर्माण उ.स | भवन निर्माण | ३२५००००.०० |
| कोरोना अस्पताल भवन निर्माण उ.स | अस्पताल भवन निर्माण | २९०००००.०० |
| माजगार खोला आर.सि.सि पुल निर्माण | पुल निर्माण | १५०००००.०० |
| पाखा ओराली जलविद्युत उ.स | जलविद्युत | ११२००००.०० |
| रुकमीणी मा.वि विद्यालय भवन निर्माण | विद्यालय भवन निर्माण | ७५०००००.०० |
| त्रिभुवन जनता माध्यमिक विद्यालय उ.स | विद्यालय भवन निर्माण | ३६०००००.०० |
| सहकारी भवन निर्माण उ.स छपे | भवन निर्माण | १५०००००.०० |
| जम्मा | | २२०३००००.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | कैफियत |
|---|---|---|---|
| १९. | **डी.पी.आर खर्चः-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट विस्तार घर समेतका ४ वटा योजनाको डि.पि.आर तयार गर्न रु.१९३१५८६.५० खर्च गरेको छ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमके रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | | |
| २०. | **औषधी खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था अनुसार रु.१५९३०००.०० का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः- | | |
| २०.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | | |
| २०.२. | आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | | |
| २०.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | |
| २०.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको | | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको विवरण |
|---|---|---|---|
| | खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | | |
| २०.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिम्मेवारी सहित जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | | |
| २१. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ४९ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३८८ जनालाई रोजगारी उपलब्ध गराई रु.१९०९५०००.०० खर्च गरेको छ । लक्षित वर्गलाई ५० दिन देखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रममा समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | |
| २२. | **वार्षिक प्रतिवेदनः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | | |
| २३. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्बन्धमा निम्नानुसार देखिएको छः- | | |
| २३.१. | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | | |
| २४. | **कृषि ल्याव भवन निर्माणः**- उक्त भवन निर्माण गर्न भवन निर्माण उपभोक्ता समिति सिस्नेलाई रु.३६१६३००.०० को लागत अनुमान भएको रहेछ । कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३६२८२१८.८६ को कार्य गरेकोमा निम्न व्यहोरा हरु रहेका छन्:- | | |
| | क) कार्यसम्पन्न प्रतिवेदनमा इलेक्ट्रिकल कार्यमा रु.२५२३९७.८३ को कार्य सम्पन्न देखाएको छ । उपभोक्ता समितिले सो कार्यको लागी रु.७३१०६.४८ मात्रको खरिद विल पेश गरी सोही आधारमा कार्य परिमाण नापी गरेको देखिन्छ । खरिद विल र सम्पन्न रकममा रु.१२३०६६.०० फरक रहेकोमा ज्यामी ज्याला डोर हाजीर एकमुष्ट रहेको र विजुलिको कार्य गरेको डोर हाजीर कार्य विवरणमा उल्लेख नगरेबाट रु.७३१०६.४८ मूल्य वरावरको विजूली | | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछर्यौटको विवरण |
|---|---|---|---|
| | फिटिङमा रु.१२३०६६.०० ज्यामी खर्च सम्वन्धमा यकिन गरिनुपर्दछ । | | |
| | ख) भवन निर्माण कार्यको ५ प्रतिशत रिटेन्सन मनि रु.१६२५००.०० कट्टा नगरेकोले मर्मत सम्भार अवधिको दायित्व उपभोक्ता समिति सँग सृजना हुने अवस्था नरहेको रु. | १६२५००.०० | |
| २५. | मोटरसाइकल खरिदः-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम रु.५लाख भन्दा बढीको खरिद कार्य गर्नु परेमा सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले निम्नानुसार आपूर्तकबाट ४ थान मोटरसाइकल खरिद गरेकोमा पटक-पटक सोझै खरिद गरि रु.१५१३७९०.०० भुक्तानी गरेकोले नियमित नदेखिएको रु. | १५१३७९०.०० | |

| गो.भौ.नं र मिति | सप्लायर्सको नाम | रकम |
|---|---|---|
| ३-२०७७।०६।१६ | ड्रिमल्याण्ड ट्रेडर्स प्रा.लि. १ थान | ३१९९००.०० |
| ८-२०७७।०६।२६ | अम्वेकेश्वरी अटो मार्ट १ थान | ४९८०००.०० |
| १२-२०७७।०७।०२ | लक्ष्मी अटो पार्टस एण्ड रिपेयर सेन्टर | २६०९९०.०० |
| १३-२०७७।०७।०४ | ड्रिमल्याण्ड ट्रेडर्स प्रा.लि. १ थान | ४३४९००.०० |
| | जम्मा | १५१३७९०.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछर्यौटको विवरण |
|---|---|---|---|
| २६. | हेभी इक्विपमेण्टको प्रयोगः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सोही नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यस प्रकार रहेका छनः- | | |

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | ल.इ रकम | कार्य सम्पन्न रकम | कार्यालयको भुक्तानी | हेभी उपकरण डोजर, लोडर प्रयोग बापत भएको खर्च |
|---|---|---|---|---|---|
| २२-२०७७।०८।२३ | सान्चौर मान्धारा कानेवाड सडक सडक निर्माण उपभोक्ता समिति वडा नं ७ | १११८५३१.०० | १११८५३१.०० | १०००००0.०० | १०००३४९.५८ |
| २६-२०७७।०८।२५ | सानडाँडै कुरीपानी सडक निर्माण उपभोक्ता समिति वडा नं ७ | ४५६१६८.०० | ४६०४६७.०० | ४०००००.०० | ४००२८९.०० |
| २७-२०७७।०८।३० | माडिपाखा सडक निर्माण उपभोक्ता समिति | ७७५५६९.०० | ४६२५५२.०० | ४०००००.०० | ४००४५४.८२ |
| ५९-२०७७।१०।१५ | चैतरामको घरदेखि मैदान सम्म मोटरबाटो निर्माण उपभोक्ता समिति | २२५४२८.३३ | २२६१४३.९५ | २०००००.०० | २००८३२.०० |
| ८९-२०७७।०८।२३ | अमलाचौर देखि स्वास्थ्य चौकी सम्म जोड्ने बाटो | ४४३६४०.११ | ४४३६९०.११ | ४०००००.०० | ४०२०००.०० |
| ९९-२०७७।१२।१० | कौछे भेरघारी सडक निर्माण उपभोक्ता समिति | ५३४८८०.५२ | ५३४८८०.०० | ४८००००.०० | ४८०२९५.०० |
| १००-२०७७।१२।१० | फुर्चेकोट देखि छाक्ला सम्म कृषि सडक निर्माण उपभोक्ता समिति | ३७६५०९.६७ | ३७६५०९.६७ | ३०००००.०० | ३००५५४.०१ |
| ११४-२०७८।०१।१३ | रँगेचौर देखि माधामिक विद्यालय | ३३८४७५.०० | २४६९६८.०० | २१२३००.०० | २१३०००.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | | | | | बेरुजू रकम | कार्यालयको विवरण |
|---|---|---|---|---|---|---|---|
| | | दादिङ जोड्ने सडक निर्माण उपभोक्ता समिति | | | | | |
| | १२६-२०७८।०१।२७ | रेवत खोला फिल्ड निर्माण उपभोक्ता समिति | २३६४३२.०४ | २३६४३२.०० | २०००००.०० | १३७२७९.०० | |
| | १४३-२०७८।०३।०४ | रिङरोड वसपार्क जिल्ला स्वास्थ्य हेप्ला सडक मर्मत उपभोक्ता समिति | ९९६३३४.३६ | ९९७४९२.६९ | ९५००००.०० | ९५०६७८.०० | |
| | १६७-२०७८।०३।२० | धाउने डम्पिङ साइट योजना उपभोक्ता समिति | १७५३७२०.०० | १७५३७१९.०० | १५६०००.०० | १४९५१४०.०० | |
| | १८१-२०७८।०३।२४ | टाकुरा देखि कौडा सम्म मोटरबाटो निर्माण उपभोक्ता समिति | १०६८३२९.०० | १०६९९९६.०० | ९६००००.०० | १००२०००.०० | |
| | १९९-२०७८।०३।२७ | सुद्रि हरकुना तुवाङ सडक निर्माण उपभोक्ता समिति | ३३५६०६९.०० | ३४२१३३३.०० | ३००००००.०० | २६०००००.०० | |
| | | जम्मा | ११६८००८६.०३ | ११३४८७१४.४२ | ८६५८३००.०० | ९५८२८७१.४१ | |

उपरोक्त अनुसार उपभोक्ता समितिसँग संम्झौता भई कार्य गराएकोमा कार्य सम्पन्न रु.११३४८७१४.४२ हुँदा डोजर, लोडर खर्च रु.९५८२८७१.४१ अर्थात सम्पन्न रकमको ८४.४४ प्रतिशत लोडर, डोजरमा खर्च भएबाट सार्वजनिक खरिद नियमावलीको उपभोक्ता समिति मार्फत गरिने कार्यको उपादेयता रहने अवस्था नभएकोले सुधार हुनुपर्दछ ।

२७. **मूल्य अभिवृद्धि कर कट्टीः-** मूल्य अभिवृद्धिकर २०५३,(संशोधन सहित) को दफा ६ ग बमोजिम सरकारी कार्यालयले ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित निर्माण व्यवसायी, सेवा प्रदायकको नाममा जम्मा हुने गरी सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ। तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.२६७२८२.१९ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. २६७२८२.१९

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम रु. | मु.अ.कर सहित रु. | ५० प्रतिशत रकम रु. |
|---|---|---|---|---|
| २३-२०७७।०८।२३ | अमर शाही निर्माण सेवा | ४९३६८२.१७ | ५६७९५.२९ | २८३९७.६५ |
| | शाही निर्माण सेवा | ४९१७६२.२४ | ५७१०९.९५ | २८५५४.९७ |
| ११७-२०७८।०१।१४ | एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि | १९२६००.०० | २२१५७.५२ | ११०७८.७६ |
| ११८-२०७८।०१।१९ | देवकोटा हार्डवियर एण्ड सप्लायर्स प्रा.लि | २४९४००.०० | २८७०२.०० | १४३५०.०० |
| २१४-२०७८।०३।३० | अस्त्र इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ४९७२००.०० | ५७२००.०० | १७१६०.०० |
| | वारवरा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ३४५७८०.०० | ३९७८०.०० | ११९३४.०० |
| ५५-२०७७।१०।११ | गुगल कम्प्यूटर एण्ड सम्लायर्स प्रा.लि | ३९९९००.० | ४६००६.०० | २३००३.०० |
| ०१-२०७८।०३।२८ | इगल सोलुसन्स प्रा.लि | १६४३५८५.०० | १८९०८५.०० | ५६७२५.५० |
| ३१३-२०७७।१२।१९ | संस्कृति तथा पर्यटन विकास केन्द्र | ३७००००.०० | ४२५६६.०० | २१२८३.०० |
| २।२०७८।३।१७ | ग्रिन डिजाइन सोलुसन प्राली | ४९९०००.०० | ५१६५९.५१ | २५८२९.७५ |
| ६।२०७८।३।३० | पोलीसी रिर्सच प्लानीङ्ग एण्ड एडभोकेसी फउण्डेशन | ४५००००.०० | ५७९३१.१३ | २८९६५.५६ |
| | जम्मा | ५६३२९०९.४१ | ६४८९९२.४० | २६७२८२.१९ |

२८. **घेराबार निर्माण लागत अनुमानमा सामान खरिदः-** गो.भौ.नं १०७ मिति २०७७।१२।२९ बाट हिमालय माध्यामिक विद्यालय नायगाड भवन मर्मत तथा तारजाली घेरावार गर्नको लागी रु.४६६४७३.१७ को लागत अनुमान भै कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४६८०७१.८७ को कार्य भएकोमा ल.ई तयार गर्दा ६ थान सोफा खरिद गर्ने गरी ल.ई गरेको देखियो । लागत अनुमान वनाउँदा सामान खरिद गर्ने गरी ल.ई. तयार गर्नु नियमित नभएको रु. ११४८००.००

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको विवरण |
|---|---|---|---|
| २९. | **बढी भुक्तानी:-** | | |
| २९.१. | गो.भौ.नं १९० मिति २०७८।०३।२५ बाट सिस्ने राना किसान कृषि सहकारी संस्थालाई रु.५,००,०००.०० भुक्तानी गरेको देखिन्छ । उक्त कार्य गर्न रु.२,५२,००५.०५ जनश्रमदान सहित रु.१२,५२,००५.०७ को लागत अनुमान गरी रु. ६,२२,५९९.२० कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोमा आनुपातिक हिसावले सम्पन्न परिमाणको आधारमा रु.४,९७,३२२.२४ भुक्तानी गर्नुपर्नेमा रु.५,००,०००.०० गरेकोले रु.२६६७.७५ बढी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु. | २६६७.७५ | |
| २९.२. | गो.भौ.नं १९५ मिति २०७८।०३।२६ बाट उन्नतिशिल कृषि सहकारी संस्था लिमिटेड को भवन निर्माणको लागी जनसहभागीता रु.१५७०६५.५५ समेत रु.१६५७०६५.५५ को लागत अनुमान भै रु.१६५७०६५.५५ को कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोमा प्राविधिक मूल्याङ्कन एवं मिति २०७८।०३।२५ को निर्णयानुसार रु.१४४००००.०० मात्र भुक्तानी गर्ने उल्लेख गरेकोमा रु.१५०००००.०० दिएकोले बढी रु.६००००.०० असूल गर्नुपर्ने रु. | ६००००.०० | |
| २९.३. | १६१-२०७८।०३।१७ बाट वडा नं २ को व्यावसायिक कृषि उत्पादन कार्यक्रम अन्तरगत पाथिभरा कृषि सहकारी संस्थालाई रु.२४००००.०० भुक्तानी गरेको देखिन्छ । लालपाटन बहुउद्देशिय फलफूल नर्सरीको रु.२२९९५०.०० विल पेश छ । उक्त बहुउद्देश्य फलफुल नर्सरीले पाथी भरा कृषि सहकारी संस्थालाई बिक्रि गरी पूनः पाथिभरा कृषि सहकारीले खरिद गरी गाउँपालिकालाई विक्रि गरेको देखियो । खरिद बिल रु.२२९९५०.०० भएकोमा ढुवानीको विल संलग्न नभएकोले रु.११०५०.०० बढी भुक्तानी भएको रकम पाथीभरा कृषि सहकारी संस्थबाट असूल गर्नुपर्ने रु. | ११०५०.०० | |
| ३०. | घटी छुटः- कार्यालयले बजेट खर्च गर्दा मितव्ययी ढङ्गले गर्नुपर्दछ । निम्नानुसारका गो.भौ.नं र मितिवाट सुचना प्रकाशन गरे वापत भुक्तानी गरेको छ। गोरखापत्रमा सूचना प्रकाशन गर्दा विज्ञापनमा २५ प्रतिशत सम्म छुट दिने गोरखापत्र संस्थानको नितिको प्रचार-प्रसार विभिन्न मितिको गोरखापत्रको सुचनामा उल्लेख गरेको देखिन्छ । यसै जिल्लाका प्रदेश मातहतका कार्यालयले सुचना प्रकाशनमा ४० प्रतिशत सम्म छुट लिएको देखिन्छ । सरकारी स्वामित्वको गोरखापत्र संस्थानले दिएको छुट सरह अन्य एजेन्सीले छुट नदिदा निम्न बमोजिम भुक्तानीमा घटी छुट लिएकोले अधिकतम छुट लिनुपर्दछ । | | |

| गो.भौ.नं र मिति | फर्म/ कम्पनिको नाम | विल रकम | लिनुपर्ने छुट २५ प्रतिशत | लिएको छुट प्रतिशत | घटी छुट प्रतिशत |
|---|---|---|---|---|---|
| ९३-२०७७।१२।०८ | सोर्य एडभरटाइजिङ बँकि | २६०४००.०० | ६५१००.०० | ३९०६०.०० | २६०४०.०० |
| १६५-०७८/०३/१९ | सोर्य एडभरटाइजिङ बँकि | १८५१००.०० | ४६१००.०० | २७७६५.०० | १८५१०.०० |
| १६६-०७८/०३/१९ | ग्राण्ड मिडिया प्रा.लि काठमाडौ | १४००००.०० | ३५०००.०० | २१०००.०० | १४०००.०० |
| ०५-०७७/०३/२५ | सोर्य एडभरटाइजिङ बँकि बँकि | ३४४४००.०० | ८६१००.०० | ५१६६०.०० | ३४४४०.०० |
| १४५-२०७७।०९।१७ | उच्च मिडिया प्रा.लि | १४००००.०० | ३५०००.०० | १४०००.०० | २१०००.०० |
| ३५९-२०७८।०१।२४ | रिभर एड्भरटाइजिङ सर्भिस काठमाडौ | ११८८००.०० | २९७००.०० | १७८२०.०० | ११८८०.०० |
| | जम्मा | ११८८७००.०० | २९७०००.०० | १७१३०५.०० | १२५८७०.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फर्छ्यौटको विवरण |
|---|---|---|---|
| ३१. | **मू.अ.कर बढी भुक्तानी:-** गो.भौ.नं ८७ मिति २०७७।११।२४ बाट वडा नं. ५ महिला भवन निर्माण उपभोक्ता समिति सँग भवन निर्माणको लगी जनश्रमदान रु.१०५४०७.२९ समेत रु.७०५४०७.२९ को लागत अनुमान भएकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.७०५४०७.२९ गरी रु.६०००००.०० | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिले सिमेन्ट छड खरिदमा मू.अ.कर रु.८५२७.३५ तिरेको बिल पेश गरेकोमा कार्यालयले रु.११४१०.२६ भुक्तानी गरेकोले बढी मू.अ.कर रु.२८८२.९१ असूल गर्नुपर्ने रु. | २८८२.९१ | |
| ३२. | **उपभोक्ता समितिबाट खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम जनश्रमदान हुने कार्यमा उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा देहाय अनुसार सामान खरिद मात्र हुने कार्यमा समेत उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउनु नियमित नभएको रु. | ६६७३३८.५८ | |

| गो.भौ.नं र मिति | विवरण | ल.ई. | कार्यसम्पन्न | कैफियत |
|---|---|---|---|---|
| ११६-२०७८।०१।१४ | सृजनशिल आधारभूत विद्यालय कौंक्रीपोल उपभोक्ता समिति | १२०५६१.५८ | १२०५६१.५८ | सहज होम डेकोर एण्ड अर्डर सप्लायर्सको बिलानुसार |
| १३४-२०७८।०२।२४ | जनसेवा आधारभुत विद्यालय फर्निचर निर्माण तथा खानेपानी उपभोक्ता समिति | ३३६०३६.०० | ३३६०३६.०० | सिद्धार्थ हार्डवियरको विलानुसार |
| १७२-२०७८।०३।२१ | सौजन्य आधारभूत विद्यालय पाङ्ग्रा | २३८१३८.०८ | २१०७४१.०० | राशी अफसेट प्रेस र कविता काठ तथा फर्निचरको विलानुसार |
| | जम्मा | ६९४७३५.६६ | ६६७३३८.५८ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| ३३. | **कार्यक्रममा एकरुपताः-** १६१-२०७८।०३।१७ बाट वडा नं ८ को विरुवा विउ कृषि सामग्री खरिद वितरण शिर्षक अन्तर्गत फजु भदा च्याउ खेती उद्योग तथा विरुवा उत्पादन नर्सरी फार्मको विलानुसार कागती २६०० गोटा दर रु.२५.०० र टिमुर ३००० गोटा दर रु.४५.०० ले रु.२०००००.०० वडा कार्यालयलाई भुक्तानी गरेको छ । उक्त विरुवा वितरणमा कृषक समूहको योगदान वेगर विल बमोजिम पुरै भुक्तानी गरेको छ ।यस्तै विरुवा वितरणको लागी भौ.नै १४५ मिति २०७८।०३।०७ बाट किवीका विरुवा खरिदगरी गाउँपालिका कृषि शाखाले २० प्रतिशत कृषक अनुदान व्यहोरेको देखिन्छ । वडा पनि गाउँपालिकाकै अँग भएकोले वडा नं. ८ ले भुक्तानी लिदा कृषक अंश कट्टा नगरी पूरै भुक्तानी रु.२०००००.०० को २० प्रतिशत ले हने रु.४००००.०० वडा नं ८ कार्यालयलाई जिम्मेवार बनाई गाउँपालिकाले कार्यक्रम बनाउँदा एकरुपता कायम नगरेकोले सम्बन्धित भुक्तानी लिने कर्मचारीबाट असूल गर्नुपर्ने रु. | ४००००.०० | |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्क्रम (पूर्जिगत)** | | |
